# प्रदेश लोकसेवा आयोगले मिति : २०८३।०४।३०, लुम्बिनी प्रदेश सातौ तह प्रथम पत्रलाई सोधेको GK प्रश्नहरु

Key(C)

१. नेपालले रामसार महासन्धि (Ramsar Convention) मा सदस्यता कहिले लिएको हो ?

(A) सन् १९८८ अप्रिल १७
(B) सन् १९८९ अप्रिल १४
(C) सन् १९९५ जुन २९
(D) सन् २००९ जनवरी १४

२. स्वास्थ्य विज्ञानको क्षेत्रमा हालै विकास गरिएको एकीकृत खोप Hexavalent Vaccine देहायमध्ये कुन रोग विरुद्ध प्रयोगमा आउँदैन ?

(A) पोलियो
(B) क्षयरोग
(C) हेपाटाइटिस-वी
(D) भ्यागुते रोग

३. सर आइज्याक न्यूटन देहायका मध्ये कुन विधाका लागि प्रसिद्ध होइनन् ?

(A) विकासवादको सिद्धान्त
(B) क्याल्कुलस गणितको अन्वेषण
(C) गति तथा गुरुत्वाकर्षणको नियम
(D) अप्टिक्स तथा रङ्गहरुको सिद्धान्त

४. बिमस्टेकको बडापत्र कहिले देखि कार्यान्वयनमा आएको हो ?

(A) २० मे २०२४
(B) ३० मार्च २०२२
(C) १५ मे २०२३
(D) ३ अप्रिल २०२५

५. विश्वका अति विकसित, उच्च औद्योगिक शक्तिशाली राष्ट्रहरुको समूह (Group-7) मा नपरेको देश कुन हो ?

(A) United Kingdoms
(B) Germany
(C) Russia
(D) Italy

६. विद्युत बल्बको फिलामेन्ट प्राय: कुन धातुबाट बनाइन्छ ?

(A) Tungsten
(B) Nichrome
(C) Molybdenum
(D) Titanium

७. कृत्रिम बुद्धिमता (AI) ले कसरी काम गर्दछ?

(A) कृत्रिम विचारहरुको विनिर्माण गरेर
(B) बुद्धिहरुको सामुहिक विकास गरेर
(C) मानवले जस्तै निर्णय क्षमता विकास गरेर
(D) कृत्रिम उत्पादनका स्रोत संग्रह गरेर

SuperLokSewaCentre

**८. विश्वको पहिलो एंटिबायोटिक पेनिसिलिनका आविष्कारक...हुन् ।**

(A) अल्बर्ट आइन्स्टाइन
(B) मेरी क्युरी
(C) अलेक्जेन्डर फ्लेमिङ
(D) ह्यारी जोरूस

**९. दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) को बडापत्र बमोजिम सबै तहमा निर्णय गर्दा कुन आधारमा गरिन्छ ?**

(A) बहुमत (५०%)
(B) दुई तिहाई (२/३)
(C) सर्वसम्मति (१००%)
(D) एक तिहाई (१/३)

**१०. जगदिशचन्द्र बोसले वनस्पतिको विकासक्रम नाप्न कुन यन्त्रको आविष्कार गरेका थिए ?**

(A) माइक्रोस्कोप
(B) क्रेस्कोग्राफ
(C) थर्मोमिटर
(D) टेलिस्कोप

**११. बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास - विमस्टेक क्षेत्र देहायमध्ये कुन होइन ?**

(A) सम्पर्क (Connectivity)
(B) व्यापार र लगानी
(C) कृषि र खाद्य सुरक्षा
(D) सांस्कृतिक आदान प्रदान

**१२. नेपाल सरकारले सरकारका विभिन्न मन्त्रालयलाई पुनर्संरचना गरी मन्त्रालयको संख्या घटाउने गरी गरेको निर्णय कुन मितिको नेपाल राजपत्रबाट सार्वजनिक भएको थियो ?**

(A) २०८३ बैशाख २४
(B) २०८३ बैशाख ३०
(C) २०८३ बैशाख ३१
(D) २०८३ जेठ २

**१३. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा प्रत्यक्ष निर्वाचित हुने प्रणालीतर्फ खसेको कुल मतको कति प्रतिशत मत बदर भएको थियो ?**

(A) ६.२१%
(B) ५.४५%
(C) ४.९४%
(D) ३.९५%

**१४. संयुक्त राष्ट्रसंघीय शान्ति अभियानमा नेपालको सहभागिता कुन वर्षदेखि निरन्तर कायम रहेको छ ?**

(A) सन् १९५८
(B) सन् १९६१
(C) सन् १९६६
(D) सन् १९७१

Super30LokSewaCentre

१५. **हाल नेपाली आवासीय राजदुतावास रहेका मुलुकको संख्या कति रहेको छ ?**

(A) ३०    (B) ३२    (C) ३४    (D) ३६

१६. **चर्चित पुस्तक "Animal Farm" का लेखक को हुन् ?**

(A) जर्ज ओरवेल
(C) अर्नेष्ट हेमिङ्ग्वे
(B) एल्डस हक्स्ली
(D) जोन स्टाइनबेक

१७. **विश्वकप फुटबल २०२६ (FIFA World Cup, 2026) कहिले देखि शुरू भएको हो ?**

(A) ९ जुन, २०२६
(B) १० जुन, २०२६
(C) ११ जुन, २०२६
(D) १२ जुन, २०२६

१८. **नेपालमा १० औं राष्ट्रिय खेलकुद प्रतियोगिता कुन प्रदेशमा आयोजना गर्ने निर्णय भएको छ ?**

(A) लुम्बिनी प्रदेश    (B) मधेश प्रदेश    (C) कर्णाली प्रदेश    (D) कोशी प्रदेश

१९. **महात्मा गान्धी मुख्यतः केका लागि प्रसिद्ध व्यक्तित्व हुन् ?**

(A) भ्रष्टाचार नियन्त्रण
(B) सत्य र अहिंसा
(C) स्वतन्त्रता हिमायती
(D) मितव्ययिता र राष्ट्रप्रेम

२०. **नेपाल WTO को सदस्य कहिले बनेको हो ?**

(A) सन् २००२ मे ३
(B) सन् २००४ अप्रिल २३
(C) सन् २००६ सेप्टेम्बर २५
(D) सन् २००८ मार्च ९

२१. **विख्यात भूगोलशाखी फेडरिक यटेजका अनुसार सामाजिक भूगोलका प्रकारमा देहायमध्ये कुन पर्दैन ?**

(A) भू-आकृति भूगोल
(C) प्रादेशिक भूगोल
(B) सैन्य भूगोल
(D) नक्षेत्रीय भूगोल

Super30LokSewaCentre

**२२. नेपालले दक्षिण एशियाको कुल भू-भागको कति प्रतिशत भू-भाग ओगटेको छ ?**

(A) ३.२५ प्रतिशत
(B) ३.० प्रतिशत
(C) २.८२ प्रतिशत
(D) २.८४ प्रतिशत

**२३. लुम्बिनी प्रदेशको राजधानी देउखुरी, दाङ हुने घोषणा कहिले भएको हो ?**

(A) वि.सं. २०७६
(B) वि.सं. २०७७
(C) वि.सं. २०७८
(D) वि.सं. २०७९

**२४. नेपालको प्रमाणिक समय दोलखा जिल्लामा रहेको गौरीशंकर हिमाललाई काटेर ८६°१५' पूर्वी देशान्तरलाई आधार मानी निर्धारण गरिएको छ। यो समय ग्रीनवीच मानक समयभन्दा कति छिटो छ ?**

(A) ५ घण्टा १५ मिनेट
(B) ५ घण्टा ३० मिनेट
(C) ५ घण्टा ४५ मिनेट
(D) ६ घण्टा १५ मिनेट

**२५. राष्ट्रिय जनगणना २०७८ का सम्बन्धमा निम्न तथ्यहरू बिचार गरी सही विकल्प रोज्नुहोस् ।**

(i) नेपालको जनघनत्व १९८ प्रति वर्ग कि.मि. पुगेको छ ।
(ii) सबैभन्दा बढी जनघनत्व भएको जिल्ला काठमाण्डौं हो।

(A) (i) मात्र सही
(B) (ii) मात्र सही
(C) (i) र (ii) दुवै सही
(D) दुवै गलत

**२६. खाली ठाउँ भर्नुहोस् ....... हिन्द महासागरको मोती हो ।**

(A) माल्दिभ्स
(B) सिंगापुर
(C) भारत
(D) श्रीलङ्का

**२७. विश्व इतिहासमा Boston Tea Party कुन क्रान्ति/युद्ध सँग सम्बन्धित छ ?**

(A) फ्रान्सेली राज्यक्रान्ति
(B) अमेरिकी स्वतन्त्रता संग्राम
(C) रुसी क्रान्ति
(D) भारतीय स्वतन्त्रता संग्राम

**२८. उत्तर अमेरिका र दक्षिण अमेरिका बिच्च पर्ने नहर कुन हो ?**

(A) स्वेज नहर
(B) पनामा नहर
(C) दुबै ठिक
(D) दुबै बेठिक

SuperJobSewaCentre

**२९. तलका भनाइहरू अध्ययन गर्नुहोस् र सही उत्तर छान्नुहोस,**

(i) नौमुरे बहुउद्देश्यीय आयोजना अर्घाखाँची र प्यूठान जिल्लाको भूभागमा रहेको र यसबाट सिंचाई सुविधा तथा जलविद्युत उत्पादन गर्ने लक्ष्य राखिएको छ ।

(ii) बुटवल नजिक सिद्धबाबा सुरुङमार्ग निर्माण गर्दा Tunnel Boring Machine (TBM) को प्रयोग गरिएको छ।

(A) (i) र (ii) दुवै ठिक
(B) (i) ठिक तर (ii) बेठिक
(C) (ii) ठिक तर (i) बेठिक
(D) (i) र (ii) दुवै बेठिक

**३०. गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरणको क्रममा तत्कालीन पाटन राज्यमा आक्रमण गर्नु अगाडी त्यहाका राजासँग वार्ता गर्न देहायमध्ये कसलाई आफ्नो दूतको रुपमा खटाएका थिए ?**

(A) गौरीशंकर पाण्डे
(B) श्री हर्ष पन्त
(C) जयवीर बोहरा
(D) रामकृष्ण खनाल

**३१. नेपालमा बोलिने कागते भाषा कुन भाषा परिवारभित्र पर्दछ ?**

(A) भोट बर्मेली
(B) आग्नेय
(C) भारोपेली
(D) द्रविड

**३२. सामुहिक पुजापाठका लागि थारू समुदायको गाउँहरुमा तलकामध्ये कुन कुरा रहेको हुन्छ ?**

(A) देउवा
(C) गोसाई
(B) भइँहारथान
(D) बराह

**३३. नेपालको संविधानको कुन धाराले नेपालको राज्यको संरचना संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरेको छ ?**

(A) घारा ४
(B) धारा ५४
(C) धारा ५६
(D) धारा २३२

**३४. कार्यक्षेत्रका आधारमा उपयुक्त जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| क. बौद्धिक सम्पत्ति | १. प्रदेश सरकार |
| ख. कृषि आयमा कर | २. स्थानीय तह |
| ग. घर जग्गा धनी पूर्जा वितरण | ३. संघीय सरकार |
| घ. सुकुम्बासी व्यवस्थापन | ४. संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार |

Super30LokSewaCentre

(A) क-२, ख-४, ग-१, घ-३
(B) क-३, ख-१, ग-२, घ-४
(C) क-१, ख-२, ग-३, घ-४
(D) क-४, ख-२, ग-३, घ-१

**३५. नेपालको संविधानको धारा ५० को उपधारा (२) मा उल्लिखित देहायको वाक्य पुरा गर्नुहोस् । "राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता,....... उद्यमशिलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरुको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, एक्यवद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुनेछ ।**

(A) समावेशी सहभागिता
(C) सामाजिक न्याय
(B) सामाजिक सशक्तिकरण
(D) श्रमको सम्मान

**३६. नेपालको निजामती सेवामा समावेशीकरणको अवधारणालाई कार्यान्वयन गर्न निजामती सेवा ऐन, २०४९ मा कहिले संशोधन गरियो ?**

(A) २०६३ बैशाख १२
(B) २०६४ जेठ १७
(C) २०६४ असार २१
(D) २०६४ श्रावण २३

**३७. जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| (क) गुणकामदेव | १) जनकपुरधाम |
| (ख) सम्राट अशोक | २) मुक्तिनाथ |
| (ग) राजर्षि जनक | ३) बुद्धको जन्मस्थल |
| (घ) नेपालको चारधाम | ४) पशुपतिनाथ मन्दिर |

(A) क-४, ख-३, ग-१, घ-२
(B) क-२, ख-१, ग-३, घ-४
(C) क-३, ख-१, ग-२, घ-४
(D) क-१, ख-३, ग-२, घ-४

**३८. राष्ट्रिय जनगणना, २०७८ अनुसार लुम्बिनी प्रदेशको कुल जनसंख्या कति रहेको छ ?**

(A) ५१,२५,०७८ (B) ५१,२४,०७८ (C) ५१,२३,०७८ (D) ५१,२२,०७८

Super30LokSewaCentre

**३९. नेपालको संघीय संरचना अनुसार प्रदेशमा सरकार प्रमुखको रुपमा राजनीतिक नेतृत्व कसको रहन्छ ?**

(A) प्रदेश प्रमुखको
(B) मुख्यमन्त्रीको
(C) प्रदेश सभा सभामुखको
(D) प्रमुख सचिवको

**४०. नेपालको संविधान र शासन प्रणाली बमोजिम तलका भनाइहरू अध्ययन गर्नुहोस् र सही उत्तर छान्नुहोस् ।**

(i) न्यायपालिकाको काम केन्द्रिकृत वा संघ सरकार अन्तर्गत नै रहेको छ।
(ii) संघ सरकार, प्रदेश सरकार र स्थानीय तहले आ-आफ्नो व्यवस्थापिका/सभामा प्रत्येक वर्षको आय-व्ययको विवरण (बजेट) प्रस्तुत गर्ने समयावधि क्रमशः जेठ १५, असार १ र असार १० गतेलाई तोकिएको छ ।

(A) (i) र (ii) दुवै ठिक
(B) (i) ठिक तर (ii) बेठिक
(C) (ii) ठिक तर (i) बेठिक
(D) (i) र (ii) दुवै बेठिक

**४१. युवा बेरोजगारी, आयात निर्भरता र न्यून उत्पादकत्व जस्ता समस्या एकैसाथ देखिएको अवस्थामा योजनाको दृष्टिले सबैभन्दा उपयुक्त कार्यक्रम कुन हो ?**

(A) सीप विकास, उद्यमशिलता, उत्पादनशिल लगानी र बजार पहुँचलाई जोड्ने कार्यक्रम
(B) घरेलु उत्पादनभन्दा आयात विस्तारमा जोड दिने कार्यक्रम
(C) तथ्याङ्कीय आधारभन्दा अनुमानका आधारमा बजेट बनाउने कार्यक्रम
(D) ग्रामीण पर्वाधार र कषि मल्य श्रृङ्खला पूर्ण रुपमा रोक्ने कार्यक्रम

**४२. आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म सार्वजनिक संस्थानमा नेपाल सरकारको लगानी अघिल्लो आर्थिक वर्षको तुलनामा कति प्रतिशतले वृद्धि भएको छ ?**

(A) १२.५० प्रतिशत
(B) १२.८० प्रतिशत
(C) १३.२० प्रतिशत
(D) १३.४४ प्रतिशत

**४३. चालु सोहीँ योजनाको अन्त्यसम्म राष्ट्रिय स्तरको बेरोजगारीको दर कति प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ?**

(A) ४%
(B) ५%
(C) ६%
(D) ७%

**४४. नेपालले १७९ औं मुलुकको रुपमा सन् २०२३ मे ४ मा कुन देशसँग दौत्य सम्बन्ध कायम गरेको हो ?**

(A) बेलिज
(B) रिपब्लिक अफ साउथ सुडान
(C) रिपब्लिक अफ मलाबी
(D) रिपब्लिक अफ नाउरू

**४५. जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न नेपाल सरकारले सन् २०२५ मा जारी गरेको तेस्रो राष्ट्रिय निर्धारित योगदान (Nationally Determined Contributions - NDCs-3.0) अनुसार हाल उत्सर्जन भइरहेको हरित गृह ग्याँसको परिमाणलाई सन् २०३० सम्म कति प्रतिशत घटाउने लक्ष्य लिएको छ ?**

(A) १७.१२%    (C) ३२.१७%    (B) २३.१८%    (D) ४५.३४%

**४६. सगरमाथा संवादको मुख्य विषयवस्तु के हो ?**

(A) डिजिटल डिभाइड न्यूनीकरण
(B) गरिबी निवारण र रोजगारी सिर्जना
(C) जलवायु परिवर्तन र हिमालको भविष्य
(D) सार्क सहित क्षेत्रीय सहकार्य सुदृढीकरण

**४७. दोस्रो विश्वयुद्ध कहिले समाप्त भएको थियो ?**

(A) सेप्टेम्बर ५, १९४५
(B) सेप्टेम्बर ४, १९४५
(C) सेप्टेम्बर ३, १९४५
(D) सेप्टेम्बर २, १९४५

**४८. देहायमध्ये कुन कुन प्रदेशका ३६ जिल्लाका वन क्षेत्रको कार्बन विक्रीका लागि नेपाल सरकार र Emergent Forest Finance Accelerator, Inc. सँग कार्बन उत्सर्जन खरिद सम्झौता भएको छ ?**

(A) कोशी, बागमती र गण्डकी
(B) लुम्बिनी, कर्णाली र सुदुरपश्चिम
(C) बागमती, गण्डकी र लुम्बिनी
(D) गण्डकी, कर्णाली र सुदुरपश्चिम